# नेपाल ल्यूव आयल लि. को

## सञ्चालक समितिको ३७९ औं बैठकमा प्रस्तुत भएका प्रस्तावहरु र सो उपर भएको निर्णय

मिति : २०८१/१०/११ (24/01/2025) शुक्रवार

स्थान : पुल्चोक, ललितपुर ।

समय : दिनको ३:१५ बजे ।

**उपस्थिती :**

१) श्री अरुण कुमार चौधरी - अध्यक्ष

२) श्री विजय वहादुर श्रेष्ठ - संचालक

३) सि ए नागेन्द्र साह - संचालक

४) श्रीमती शिला चौधरी - संचालक

५) श्री अनिल वस्नेत - संचालक

६) श्री निरञ्जन न्यौपाने - संचालक

७) श्री करण कुमार चौधरी - प्रबन्ध संचालक एवं प्रमुख कार्यकारी अधिकृत

८) श्री गंगा राज भट्टराई
(महाप्रवन्धक तथा कम्पनी सचिव) - आमन्त्रित

आज बसेको यस कम्पनीको सञ्चालक समितिको बैठक कम्पनी ऐन, २०६३ र कम्पनीको स्विकृत प्रबन्ध पत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री अरुण कुमार चौधरी ज्यूको अध्यक्षतामा वसेको बैठकमा कम्पनीका ७ जना सञ्चालक ज्यूहरुको उपस्थिती रहेकोले कम्पनीको स्वीकृत नियमावली बमोजिम आवश्यक गणपूरक संख्या पुगेको हुँदा प्रस्तुत बैठक पूर्ण बैधानिक रहेको ठहर गर्दै बैठकमा तपसिलमा उल्लेखित विभिन्न प्रस्तावहरु उपर निर्णय गर्न बैठकमा छलफलको प्रस्तुत गरियो ।

२. बैठकमा छलफल हुने विषय

२.१ कम्पनीको ३३ औं बार्षिक साधारण सभामा भएको निर्णय र सोहि अनुरुप ३७७ औ सञ्चालक समितीको बैठकबाट निर्णय भई FPO वा Right share मध्ये उपयुक्त माध्यम के हुन सक्छ भनी पूंन पूंजी वृद्धि सम्बन्धि सुझाव कमिटीले राय पेश गर्ने भनिएकोमा सो समितीको तर्फबाट ३७८ औं सञ्चालक समितीमा अन्तिम सुझाव पेश भई छलफल भएकोमा सो समितीको सुझाव उपर पूंजी वृद्धिको उपयुक्त माध्यम छनौट गर्ने प्रस्ताव उपर निर्णय गर्ने ।

२.२ कम्पनीको विषेश साधारण सभाको निमित्त मिति,समय एवं स्थानको निर्धारण तथा उक्त सभामा पेश गरिने प्रस्तावहरु पेश गरि सो सम्बन्धमा छलफल गरि निर्णय गर्ने :

२.३ विविध ।

# पेश भएका प्रस्तावहरु उपर भएको निर्णयहरु :

**प्रस्ताव नं. ३७९.२.२.१ :**

कम्पनीको ३३ औं बार्षिक साधारण सभामा भएको निर्णय र सोहि अनुरुप ३७७ औ सञ्चालक समितीको बैठकबाट निर्णय भई FPO वा Right share मध्ये उपयुक्त माध्यम के हुन सक्छ भनी पूंन पूंजी वृद्धि सम्बन्धि सुझाव कमिटीले राय पेश गर्ने भनिएकोमा सो समितीको तर्फबाट ३७८ औं सञ्चालक समितीमा अन्तिम सुझाव पेश भएकोमा सो उपर आजको यस बैठकबाट उक्त सुझावलाई उपस्थिती सवैले समर्थन गर्दै हाल कायम रहेको साधारण शेयर संख्याको १:२ अनुपातमा (1:2 Ratio) मा हकप्रद शेयर (Right share) निश्कासन गरि पूंजी वृद्धि गर्ने निर्णय भयो । साथै यस निर्णयलाई

कम्पनी सचिव
नेपाल ल्यूब आयल लि.

कार्यान्वयनको निमित्त कम्पनी ऐन र अन्य आधिकारिक निकायको नियमानुसार यस निर्णयलाई कार्यान्वयनको निमित्त बिशेष साधारण सभा आह्वान गर्ने निर्णय सम्पुर्ण उपस्थित सञ्चालकहरुबाट सर्वसम्मतरुपमा पारित गर्ने निर्णय भयो । त्यस्तै यस अधिको अर्थात FPO मार्फत पूंजी वृद्धि गर्ने निर्णय पनि आजको नयां निर्णय भएपश्चात स्वत खारेज भएको निर्णय गरियो ।

**प्रस्ताव नं. ३७९.२.२.२ :**

कम्पनीको विषेश साधारण सभाको निमित्त मिति, समय एवं स्थानको निर्धारण तथा उक्त सभामा पेश गरिने निम्न प्रस्तावहरुको सम्बन्धमा छलफल गरि तपसिलकै बमोजिम मिती, स्थान र सभामा पेश गरिने प्रस्तावहरु उपस्थिती सवैबाट सर्वसम्मत रुपमा निर्णय भयो ।

३७९.२.२.२.१: विषेश साधारण सभा :
**मिती : २०८१।१०।२९ (11th February, 2025)**
समय : बिहान ११:०० बजे
स्थान : द प्लाजा, पुल्चोक, ललितपुर

३७९.२.२.२.२: क) कम्पनीको ३३ औं बार्षिक साधारण सभामा पेश भएको प्रस्ताव FPO मार्फत पूंजी वृद्धि गर्ने उपर छलफल हुंदा सो प्रस्ताव हाललाई कार्यान्वयन नगरि यस उपर पून: छलफल गर्ने निर्णय भएको र सोहि निर्णय अनूरुप ३७७ औं सञ्चालक समितीको बैठक मार्फत FPO वा Right share मध्ये उपयूक्त माध्यम के हून सक्छ भनी पुंन पुंजी वृद्धि सम्बन्धि सूझाव कमिटीले राय पेश गर्ने निर्णय भई सो समितीको तर्फबाट ३७८ औं सञ्चालक समितीको बैठकमा अन्तिम सूझाव पेश भईसो उपर छलफल भई मिती २०८१।१०।११ गते बसेको ३७९औं सञ्चालक समितीको बैठकबाट निर्णय भए बमोजिम कम्पनीको हालको चूक्ता पूंजी बमोजिमको मूल्य अनुसारको कायम रहेको साधारण शेयर संख्याको आधारमा १:२ अनुपातमा (1:2 Ratio) मा हकप्रद शेयर निष्कासन (Right share Issue) गरि पुंजी वृद्धि गर्ने प्रस्ताव पेश गर्ने ।

३७९.२.२.२.३: ख) कम्पनीको हाल कायम रहेको साधारण शेयर संख्याको आधारमा १:२ अनुपातमा (1:2 Ratio) मा हकप्रद शेयर निष्कासन (Right share Issue) पश्चात् प्राप्त पूँजीको उपयोग गर्ने प्रस्ताव पारित गर्ने ।

३७९.२.२.२.४: ग) माथिको प्रस्तावहरु स्विकृत पश्चात सोहिको निमित्त कम्पनीको अधिकृत, जारी तथा चूक्त पूँजी वृद्धि गर्न प्रबन्धपत्र संसोधन गर्ने ।

३७९.२.२.२.४: घ) कम्पनीले लुब्रिकेन्ट्स बाहेकका अन्य Component को व्यापार व्यवसायको निमित्त कम्पनीको पुर्ण स्वामित्वमा २ वटा कम्पनी गठन गर्ने र सोको प्रबन्ध पत्र, नियमावली, सञ्चालक समितीको सदस्य, पदाधिकारी र अधिकृत पूंजी, जारि पूंजी एवंम चुक्ता पूंजी कायम गर्ने प्रस्ताव पेश गर्ने ।

निर्णय उतारको प्रमाणित प्रतिलिपि

कम्पनी सचिव
नेपाल ल्यूब आयल लि.

३७९.२.२.२.५: ङ) अधिकृत पुंजी, जारी पुंजी तथा चूक्ता पुंजी वृद्धी गर्ने, कम्पनीको हालको चूक्ता पूंजी बमोजिमको मूल्य अनुसारको कायम रहेको साधारण शेयर संख्याको आधारमा १:२ अनुपातमा (1:2 Ratio) मा हकप्रद शेयर निष्कासन (Right share Issue) गरि पुंजी वृद्धि गर्नको निमित्त र अन्य सवै कार्यको निमित्त कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न विवरणहरु तयार गरी श्री कम्पनी रजिष्ट्रारको कार्यलय, श्री नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सि.डि.एस.एण्ड क्लियरिङ्ग लि. लगायत अन्य आवश्यक नियमन संस्थाहरुमा निवेदन पेश गरि यस विषेश साधारण सभाबाट स्विकृत गरिएका निर्णयहरु कार्यान्वयन गर्न गराउन तथा आवश्यक्ता अनुसार अन्य कोई कसैलाई नियुक्ती गर्न वा कसैलाई अख्तियारी प्रदान गर्न संचालक समितीलाई पुर्ण रुपमा अख्तीयारी प्रदान गर्ने प्रस्ताव पेश गर्ने ।

३७९.२.२.२.६: च) विविध ।

**प्रस्ताव नं. ३७९.२.२.३ :**

विविधमा केहि नभएको ।

अन्त्यमा आजको यस वैठकमा छलफलका लागी प्रस्तुत भएका सम्पुर्ण विषयहरुको निर्णय भईसकेको र थप अन्य बिषय नभएको हुँदा उपस्थित सवैलाई धन्यबाद दिनु हुँदै अध्यक्षज्यूले बैठक बिसर्जन गर्नुभयो ।

कम्पनी सचिव